नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

☎ ०९१-५२११०१ 🖷 ५२६४५७
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63, Dhangadhi
धनगढी, कैलाली

प.सं. ०८२।८३
च.नं. ६८८६

(नागरिकता शाखा)

मिति:- २०८२।१२।०३
ने.सं. ११४६

विषय: कागजात सम्वन्धमा ।

श्री स्थानीय तह सवै,
कैलाली ।

उपर्युक्त विषयमा यस कार्यालयबाट प्रवाह गरिने सेवाहरूलाई थप व्यवस्थित, चुस्त, दुरुस्त तथा प्रभावकारी बनाउने उद्देश्यले सेवाग्राही, तहाँ स्थानीय तह र यस कार्यालय बीच थप समन्वय एवं सहकार्य आवश्यक रहेको देखिएकोले तपसिलमा उल्लेखित कागज/प्रमाणहरु आवश्यक समन्वय, सहकार्य तथा सहयोगका लागि अनुरोध गरिन्छ ।

तपसिल

१. नेपाली नागरिकता प्रमाणपत्र प्राप्तिका लागि दुवै कान तथा निधार स्पष्ट रूपमा देखिने, सेतो पृष्ठभूमिमा हालसालै खिचिएको २.५ × ३ से.मी. साइजको फोटो आवश्यक पर्ने भएकोले सोही बमोजिमको फोटो पेश गराउनु हुन अनुरोध छ। साथै नागरिकता प्रयोजनका लागि एउटै प्रकृतिको फोटो आवश्यक पर्ने हुँदा तहाँबाट फोटो प्रमाणित गरी पठाउँदा सम्बन्धित सेवाग्राहीसँग सोही प्रकृतिको थप फोटो सेवाग्राहीसँग उपलब्ध भए/नभएको र उक्त फोटो टिकाउ र गुणस्तरिय भए/नभएको समेत एकिन गरि दिनु हुन ।
२. स्थानीय तहबाट पेश गरिने नागरिकता सम्बन्धी अनुसूची फारामहरू मोटो र गुणस्तरीय नेपाली कागजमा अगाडि–पछाडि (दुवैतर्फ) प्रिन्ट गरेर पठाई दिनु हुन ।
३. अनुसूची फाराम साथ संलग्न गर्नु पर्ने अन्य कागज प्रमाणहरु सेवाग्राहीलाई नपठ्याई सुरक्षित रूपमा यस कार्यालयमा पेश गर्नुपर्ने विषयमा स्पष्ट जानकारी गराई दिनु हुनका साथै निजले पेश गर्ने सम्पूर्ण कागजातहरूको आवश्यक चेकजाँच तथा एकिन गरेर मात्र पठाई दिनु हुन । साथै संलग्न प्रमाणका सक्कल प्रति अनिवार्य यस कार्यालयमा पेश गर्नु पर्ने भएकोले सो साथ रहे/नरहेको एकिन गरि दिनु हुन । साथै नक्कल कागजात पेश गर्दा अनिवार्य रुपमा सेवाग्राही स्वयंले प्रमाणित गरि पेश गराउनु हुन ।
४. व्यक्तिगत घटना (जन्म, मृत्यु, बसाईंसराइ, सम्बन्ध विच्छेद तथा विवाह) दर्ता दर्ता गर्दा आवश्यक कागजातहरूको प्रतिलिपि सहित सम्बन्धित व्यक्तिका आवश्यक सम्पूर्ण कागजातहरू भिडान गरी विवरणहरु एकिन तथा रुजु गरेर मात्र पठाई दिनु हुन । साथै केरमेट गरेका व्यक्तिगत घटना दर्ताको हकमा अनिवार्य रुपमा प्रतिलिपि जारी गरेर मात्र पठाउनु हुन ।
५. मिति २०४७।०१।०१ गतेसम्म घटना दर्ता ऐन लागु भईसकेको कार्यान्वयमा आईसकेको र अनिवार्य रुपमा व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, बसाईंसराइ, सम्बन्ध विच्छेद तथा विवाह) गर्नु पर्नेमा सो घटना दर्ता गरेको प्रमाण संलग्न भए/नभएको । साथै घटना दर्ता लागु हुनु भन्दा अगाडि घटेको घटनाको हकमा जन्म प्रमाणिकरण आदि जस्ता प्रमाणित अनिवार्य रुपमा गर्नु हुन भनि राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको परिपत्र पालना भए/नभएको ।
६. व्यक्तिगत घटना दर्ता, सिफारिस, अनुसूची फाराम लगायतका विभिन्न कागजातहरूमा विवरण भर्दा नेपाली तथा अङ्ग्रेजी भाषामा Spelling सहित सम्पूर्ण विवरणहरू सावधानीपूर्वक एकिन तथा रुजु भए/नभएको ।
७. सेवाग्राहीसँग भएका कुनै कागजातमा विवरण फरक परेको र त्यसका लागि थप सिफारिस वा प्रमाणित आवश्यक भएमा सो बुझेर आवश्यक अन्य कागजातहरू तयार गरेर मात्र सिफारिस गरिदिनु हुन ।
८. तीन पुस्ते विवरणमा एकाघरका परिवारका सदस्यको नाम थर, नागरिकता नं., ठेगाना आदि स्पष्ट रूपमा खुलाइएको पत्र संलग्न भए/नभएको ।
९. प्रहरी/वडा मुचुल्कमा साँची वस्ने सोही वडाको नागरिक भए/नभएको, निजको नाता पर्ने/नपर्ने (नातेदार नहुनु पर्ने), साँची वस्ने व्यक्ति निवेदक भन्दा उमेरले जेठो भए/नभएको, निजलाई राम्रोसँग चिन्ने/नचिन्ने के हो ? आदि विषय त्रुटि रहित ढंगबाट एकिन गरिदिनु हुन ।

क्रमश:

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(नागरिकता शाखा)

०९१-५२११०१ ५२६४४७
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63, Dhangadhi
धनगढी,कैलाली

प.सं. ०८२।८३

१०. अन्यत्र जिल्लाबाट वसाई सराई भई आएको हकमा वसाई सराई हुनु भन्दा पहिल नै जन्म भएको भए वसाई सराईमा नाम भएको/नभएको ।

११. नेपाल नागरिकता (संशोधन समेत) नियमावली, २०६३ को नियम ३ को उपनियम १ खण्ड (ग) मा व्यवस्था भए वमोजिम सनाखतका लागि बाबु/आमा नभई तीन पुस्ता भित्रको अन्य नातेदारले सनाखत गर्नु पर्ने लगायतका विषयहरुमा तीन पुस्ता भित्रको अन्य नातेदारको नागरिकताको प्रमाण पत्र पेश गरेको अवस्थामा निज नातेदारसँगको स्पष्ट नाता खुल्ने गरी गरिएको नाता प्रमाणित पत्र अनिवार्य गरिएकोले सो प्रमाण सिफारिस साथ सो संलग्न भए/नभएको ।

१२. नागरिकता प्रमाण-पत्र नलिदै विवाह भएकी महिलाको हकमा नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को परिच्छेद २ को ४ को ५ मा व्यवस्था भए वमोजिम विवाह दर्ता, पति, ससुराको नागरिकता आदी अनिवार्य पेश गर्नु पर्ने प्रावधान भए अनुसार उमेर वढी भएको र अविवाहित नै रहेको महिलाको हकमा अविवाहित प्रमाणित पत्र संलग्न भए/नभएको ।

१३. नेपाली नागरिकता प्रमाण-पत्र जारी गर्ने आधारमा संरक्षक राखी नागरिकता दिनु पर्ने भए वालमन्दिर वा अनाथालय वा कानूनी संरक्षकद्वारा हुर्काइएको अवस्था सो एकिन गरि प्रमाण माग गरी सो प्रमाण संलग्न भए/नभएको ।

१४. नागरिकता लिने उमेर भईसके पनि नागरिकता नै नलिएको जिकिर राख्दै अन्यत्र जिल्लाबाट वसाई सराई भई आएको हकमा नागरिकता लिने उमेर हुदा हुदै पनि के कति कारणले नागरिकता नलिई वसाई सराई गर्ने अवस्था आएको हो सो विषय राम्रोसँग वुझेर मात्र नागरिकताको सिफारिस गर्नु हुन ।

१५. १६ वर्ष पुगे पछि नेपाली नागरिकता लिन सकिने व्यवस्था हुदा हुदै उमेर वढी हुँदासम्म पनि नागरिकता नलिए भनि नागरिकता सिफारिसको लागि वडा कार्यालय आउने सेवाग्राहीका हकमा यस पूर्व नेपाली नागरिकता लिए/नलिएको विषयमा पछिसम्म वुझ्दा समेत फरक नपर्ने गरि यथार्थ के हो सो वुझे पश्चात मात्र सिफारिस गर्नु हुन ।

१६. तहाँस्थित वडा कार्यालयबाट CCIMS मा भरेको फाराम अनुसार नै नागरिकताको कार्ड प्रिन्ट हुने व्यहोरा विदिदै छ । अत: नागरिकताको फारामलाई रुजुर गरेर मात्र पठाई दिनु हुन ।

१७. जिल्ला प्रशासन कार्यालयमा नागरिकता प्रमाणपत्रको कार्यालयप्रति फेला नपरेको अवस्थामा सेवाग्राहीले पहिले लिएको नेपाली नागरिकता भए सो नागारिकताको प्रमाणपत्र खिची **नागरिकता प्रमाणपत्र नलिएको व्यक्तिलाई नागरिकता प्रमाणपत्र दिंदा अपनाउनु पर्ने सम्पूर्ण कार्यविधि पूरा गरी नयाँ नागरिकता प्रमाणपत्र** दिनु पर्ने भनि नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को परिच्छेद ९ को ४० (५) मा व्यवस्था भए अनुरुप सेवाग्राहीसँग सक्कल नागरिकता भएको तर जिल्ला प्रशासन कार्यालयमा अभिलेख फेला नपरेको अवस्थामा सोही अनुसार आवश्यक सवै कागजात संलग्न राखी पठाई दिनु हुन । साथै सनाखतको हकमा माथि वुदा नं. ११ मा उल्लेख भए अनुसार नै हुने गरी पठाई दिनु हुन ।

२०८२।१२।०३
चिरञ्जीवी
सहायक प्रमुख जिल्ला अधिकारी

**अवगतार्थ**
श्री नगर प्रमुख ज्यू,
उपमहानगरपालिका/नगरपालिका, सवै कैलाली ।

श्री नगर प्रमुख ज्यू,
उपमहानगरपालिका/नगरपालिका, सवै कैलाली ।

श्री अध्यक्ष ज्यू,
गाउँपालिका सवै, कैलाली ।

**वोधार्थ**
श्री ईलाका प्रशासन कार्यालय,
टीकापुर/सुखड, कैलाली ।